National Innovation Centre
राष्ट्रिय आविष्कार केन्द्र

National Innovation Center

# राष्ट्रिय आविष्कार केन्द्र
कीर्तिपुर, काठमाडौं

## बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/१२/२६

यस केन्द्रले आ.ब. २०८०।८१ को स्वीकृत बार्षिक कार्यक्रममा नवपर्वर्तन तथा बिकासको लागि यस केन्द्र अन्तरगतको कृषि औजार कारखाना वीरगंजलाई आवश्यक पर्ने औजार तथा मेसीनरी (CNC Laser Sheet Cutting Machine & Screw Compressor with Dryer) खरिद गर्नुपर्ने भएकाले इजाजतपत्र प्राप्त इच्छुक फर्म, कम्पनी तथा संस्थाहरुको लागि निम्न शर्तहरुको को अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयसम्ममा फर्म/कम्पनी/संस्थाको लिखित निवेदन, फर्म, कम्पनी तथा संस्थादर्ता प्रमाणपत्रको प्रतिलिपि, आ. ब. २०७९।८० को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि र यस केन्द्रको नेपाल बैंक लिमिटेड कीर्तिपुरको धरौटी खाता नं.०४५००१०७०२१५१७००००००१ मा तालिकामा उल्लेखित बोलपत्र फाराम दस्तुर जम्मा गरेको सक्कल भौचर पेश गरी यस केन्द्रको कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजेभित्र सिलबन्दी गरी यस केन्द्रको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

३. पेश हुन आएका बोलपत्र हरु प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १३:०० बजे केन्द्रको कार्यालयमा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर फर्म/कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्र फाराम खरिद गर्ने, दर्ता तथा खोल्ने अन्तिम दिन बिदा परेमा त्यसपछि कार्यालय खुलेको दिन उक्त कार्यहरु हुनेछ ।

५. बोलपत्र साथ तालिकामा उल्लेखित बोल कबोल जमानत रकम यस केन्द्रको नाममा जारी भएको बिडबण्ड वा राष्ट्रिय आविष्कार केन्द्रको नाममा रहेको नेपाल बैंक लिमिटेड कीर्तिपुरको धरौटी खाता नं.०४५००१०७०२१५१७००००००१ मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनुपर्नेछ। बिडबण्डको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० (एक सय बीस) दिनसम्मको अवधिको हुनुपर्नेछ।

CamScanner

६. बोलपत्र साथ फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि करप्रमाणपत्रको प्रतिलिपि, बोलपत्र दाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति, आ.व.२०७९।८० को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, फर्म/कम्पनीले आधिकारिक रुपमा प्रतिनिधि नियुक्त गरेको सक्कलै पत्र संलग्न भएको हुनु पर्नेछ ।

७. बोलपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खामको बाहिर यस केन्द्रको पुरा नाम र ठेगाना, ठेक्का नं. र दरभाउपत्र पेश गर्नेको नाम तथा ठेगाना स्पष्टसँग उल्लेख गर्नु पर्नेछ ।

८. रीत नपुगी आएको बोलपत्र हरु उपर कुनै कारबाही गरिने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित रहने छ ।

९. माथि उल्लेखित सर्तहरु बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ एवं प्रचलित कानून अनुसार हुनेछ ।

१०. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र केन्द्रको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

११. सिलबन्दी बोलपत्र पेस गर्न माग गरिएको बोलपत्र नं. र सामानहरुको विवरण:

| सि. नं. | बोलपत्र नं. | बोलपत्र पेस गर्ने कामको विवरण | बोलपत्र फारम दस्तुर रु. (फिर्ता नहुने गरी) | मूल्यअभिवृद्धि कर सहित लागत अनुमान रकम रू | बोल कबोल जमानत रकम रू |
|---|---|---|---|---|---|
| १ | 1/nic/goods/2080/81 | Supply and Delivery of CNC Laser Sheet Cutting Machine & Screw Compressor with Dryer | ३,०००।- | ४७,२५,०००।- | १,४१,०००।- |

National Innovation Center
राष्ट्रिय आविष्कार केन्द्र